श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०३० सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "आवश्यक पदार्थ नियन्त्रण (अधिकार) (पहिलो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधन:– मूल ऐनको दफा २ को सट्टा देहायको दफा २ राखिएको छ:–

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "आवश्यक पदार्थ" भन्नाले देहायको कुनै पदार्थ सम्झनु पर्छ:–

(१) धान र चामल, मकै, गहूँ, कोदो, जौ र तिनको पीठो, मैदा र त्यस्तै किसिमका अरू खाद्यान्न,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) रहर, मुगी, मास, मुसुरो, चना, केराउ, भटमास र तिनको पीठो र त्यस्तै किसिमका अरू खाद्यान्न,

(३) आलस, तोरी, सर्स्यूँ, तिल र तेल निकाल्नको निमित्त प्रयोग हुने त्यस्तै अन्य तेलहन र सबै किसिमका तेल,

(४) दूध र दूधबाट तयार हुने खाद्य पदार्थ,

(५) उखू र त्यसबाट पैदा हुने गुँड, सखर, चिनी र अन्य त्यस्तै पदार्थ,

(६) सूती वा ऊनी लत्ता कपडा, कपास तथा ऊन,

(७) कच्चा जूट र त्यसबाट तयार भएका वस्तुहरू,

(८) मट्टितेल, पेट्रोल, डिजेल र सबै प्रकारका लुब्रिकैण्ट,

(९) फलाम र फलामबाट तयार भएका वस्तुहरू,

(१०) सिमेन्ट, ईंट, जस्तापाता आदि निर्माणको निमित्त आवश्यक पर्ने वस्तुहरू,

(११) सवारीको साधनहरू र त्यस्ता साधनहरूको निमित्त आवश्यक टायर, टयूब, पार्ट पूर्जाहरू,

(१२) नून,

(१३) औषधी,

(१४) श्री ५ को सरकारले समय समयमा सूचित आदेशद्वारा आवश्यक पदार्थ भनी तोकेको कुनै पदार्थ वा वस्तु ।

(ख) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

३. आवश्यक पदार्थको उत्पादन वा वितरणमा नियन्त्रण गर्ने अधिकारः–

(१) कुनै आवश्यक पदार्थको वितरण बढाउन, कायम राख्न वा समान वितरण गराउन वा सुपथ मोलमा प्राप्त गराउन श्री ५ को सरकारले आवश्यक वा उचित ठहराएमा सूचित आदेशद्वारा त्यस्तो आवश्यक पदार्थको तोकिएको ठाउँमा उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्न सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा प्रतिकूल प्रभाव नपारी त्यस्तो आदेशले देहायबमोजिम गर्न सक्छः–

(क) कुनै आवश्यक पदार्थको सञ्चय, वितरण, परिवहन, उत्पादन, व्यापार उपभोगलाई अनुमतिपत्र जारी गरी वा अरू किसिमबाट नियमित वा नियन्त्रण गर्न,

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५१०

(ख) कुनै आवश्यक पदार्थको बिक्री गर्ने वा खरीद गर्ने मोल निर्धारण गर्न वा सूचित आदेशद्वारा तोकिएको अधिकारीको स्वीकृति बेगर कुनै आवश्यक पदार्थको प्रचलित मोलमा वृद्धि गर्न नपाउने गरी नियन्त्रण गर्न ,

(ग) सामान्यतः बिक्रीको निमित्त राखेको आवश्यक पदार्थलाई बिक्री गर्दिन भनी अड्डि लिनेलाई सो गर्न नदिन,

(घ) आवश्यक पदार्थ सञ्चय गरी राख्ने व्यक्तिलाई त्यस्तो सञ्चित पदार्थ-को सम्पूर्ण वा तोकिएबमोजिमको हिस्सा वा भाग श्री ५ को सरकार वा कुनै अधिकारी वा कुनै व्यक्ति वा वर्गलाई तोकिएको इलाकामा तोकिएको अवस्थामा बिक्री गर्न बाध्य गराउन,

(ङ) सर्वसाधारणको हितको निमित्त आवश्यक देखिएमा कुनै आवश्यक पदार्थसम्बन्धी व्यापारिक वा आर्थिक कारोवारलाई नियमित वा निषेध गर्न,

(च) माथि उल्लिखित कुनै वा सबै कुरालाई नियमित वा निषेध गर्ने अभि-प्रायले समाचार वा तथ्याङ्क सङ्कलन गर्न,

(छ) कुनै आवश्यक पदार्थ सञ्चय गर्ने, वितरण गर्ने वा व्यापार गर्ने व्यक्तिलाई तत्सम्बन्धी अभिलेख (रेकर्ड) र बहिखाताहरू दुरुस्त राख्न र त्यस किसिमका अभिलेख (रेकर्ड) र बहिखाताहरू जाँच-पडतालको निमित्त पेश गर्न वा तत्सम्बन्धी समाचार विवरण दाखिल गर्न लगाउन,

(ज) कुनै अनुमतिपत्र दिंदा लाग्ने दस्तूर वा त्यस्तो अनुमतिपत्रमा उल्लिखित शर्त बन्देज पालनाको लागि तोकिएबमोजिम धरौटीको रकम दाखिला गराउने र अनुमतिपत्रको कुनै शर्त उल्लङ्घन भएमा धरौटी रहेको रकमको सम्पूर्ण वा केही खण्ड जफत गर्ने र सो प्रयोजनको निमित्त अधिकारी तोक्न,

(झ) कुनै प्रासङ्गिक र पूरक कुराहरूको निमित्त खास गरी गोदाम गाडी, डुङ्गा, वायुयानभित्र प्रवेश गरी खानतलासी लिने, त्यस्तो खानतलासी लिंदा भेटिएको कुनै वस्तु जसको सम्बन्धमा आदेश उल्लङ्घन भएको वा उल्लङ्घन हुन लागेको छ भन्ने कुरा सो खानतलासी गर्ने व्यक्तिलाई विश्वास भएमा सो वस्तु जफत गर्न,

(ञ) आदेश उल्लङ्घन गरे बापत सजाय गर्दा जफत गरिने पदार्थ तोक्न र

(ट) यस दफासंग सम्बन्धित आवश्यक अन्य कुरा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

४. आदेश विरुद्ध कुनै काम गर्नेलाई सजायः– (१) कसैले दफा ३ अन्तर्गत निकालिएको आदेश विरुद्ध कुनै काम गरेमा निजलाई पाँच वर्षसम्म कैद वा पन्ध्र हजार रूपैयाँ-सम्म वा कसूरसित सम्बन्धित पदार्थको बिगोमा जुन बढी हुन्छ सोही अङ्कसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

तर, दफा ३ को उप-दफा (२) को खण्ड (च) र (छ) बमोजिमको आदेशले तोकेको म्यादभित्र सो आदेशमा लेखिएबमोजिम समाचार, तथ्याङ्क, अभिलेख (रेकर्ड) वा विवरण सहित आवश्यक पदार्थको परिमाणको लगत वा बहिखाता तयार नराख्ने, पेश नगर्ने वा आदेश भएबमोजिम खबर नगर्ने व्यक्तिलाई एक वर्ष-भन्दा बढी कैद वा तीन हजार रूपैयाँभन्दा बढी जरिवाना गर्न हुँदैन ।

(२) दफा ३ बमोजिमको आदेशको विरुद्ध गरेको कसूरसित सम्बन्धित पदार्थ सोही दफा अन्तर्गत निकालिएको आदेशमा जफत गरिने भनी तोकिएको भए सो पदार्थ समेत जफत गरिनेछ ।

५. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को पहिलो हरफमा रहेको "रू. ५,०००। पाँच हजारसम्म जरिवाना" भन्ने अङ्क र शब्दहरूको सट्टा "दश हजार रुपैयाँ जरिवाना" भन्ने शब्दहरू राखिएको छ ।

६. मूल ऐनको दफा ६ पछि थपः– मूल ऐनको दफा ६ पछि देहायको दफा ६ क. थपिएको छः–

६ क. संगठित संस्था वा कम्पनीले गरेको कसूरको सजायः– (१) यस ऐनबमोजिम कसूर गर्ने व्यक्ति कुनै संगठित संस्था वा कम्पनी भएमा सो कसूर भएको कुरा आफूलाई थाहा थिएन वा सो कसूर रोक्न आफूले सकभर प्रयत्न गरेको थियो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक त्यस्तो कसूरको लागि सम्बन्धित संगठित संस्था वा कम्पनीको काम कारवाई उपर नियन्त्रण राख्ने निर्देशक, मैनेजर, अन्य कुनै अधिकारी वा व्यक्ति-लाई सजाय हुनेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संगठित संस्था वा कम्पनीले गरेको कसूर त्यस्तो संगठित संस्था वा कम्पनीको निर्देशक, मैनेजर वा अरू कुनै अधिकारीको जानाजान वा लापरवाहीको कारण भएको हो भन्ने प्रमाणित भएमा त्यस्तो निर्देशक, मैनेजर वा अधिकारी पनि यस ऐनबमोजिम सजायको भागी हुनेछ ।

७. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मुद्दा हेर्ने अधिकारीः– (१) यस ऐन अन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले यस ऐन अन्तर्गतको मुद्दाको कारवाई गर्दा नेपाल विशेष अदालत ऐन, २०१३ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

८. मूल ऐनको दफा ७ पछि थपः– मूल ऐनको दफा ७ पछि देहायको दफा ७ क. थपिएको छः–

७ क. श्री ५ को सरकार वादी हुनेः– यस ऐन अन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दा श्री ५ को सरकारवादी हुनेछ ।

९. मूल ऐनको दफा ८ मा संशोधनः– (१) मूल ऐनको दफा ८ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

(१) श्री ५ को सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त हुने कुनै वा सबै अधिकार सूचित आदेश जारी गरी कुनै अधिकृतलाई सुम्पन सक्नेछ ।

(२) मूल ऐनको दफा ८ को उप-दफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति– २०३०।१२।११।१

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।